# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, असोज २५ गते २०५० साल (संख्या २६

## भाग ४

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

राष्ट्रिय योजना आयोगको सचिवालयका का.मु. सचिव श्री रविन्द्रकुमार शाक्य बैंककमा हुने एक्सपर्ट ग्रुप मिटिङ अन नेशनल पोभर्टी कन्सेप्ट्स एण्ड मेजरमेण्ट इन द एस्क्याप रिजन विषयक बैठकमा समेत भागलिन त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सहसचिव श्री खेमराज नेपाललाई मिति २०५०।५।२९ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री ठाकुरनाथ पन्त संयुक्त राज्य अमेरिकाको वाशिङ्गटनमा सम्पन्न हुने विश्व बैंकको २५ औं वार्षिक बैठकमा भाग लिन मिति २०५०।६।२ गते त्यस तर्फ जानु भएको तथा सहसचिव श्री विश्वनाथ सापकोटा विदेश भ्रमणमा जानुभएकोले सो सचिव पदमा सहसचिव श्री विश्वनाथ सापकोटा फर्की हाजिर भएपछि उहाँलाई र सचिव श्री ठाकुरनाथ पन्त वा सहसचिव श्री विश्वनाथ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।